# त्रिभुवन विश्वविद्यालय
# शिक्षण अस्पताल, महाराजगञ्ज
(कर्मचारी प्रशासन शाखा)

## पदपूर्ति सम्बन्धी सूचना

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७९।९।२२)**

यस अस्पताल अन्तर्गत विभिन्न विभागहरूका लागि हाउस अफिसर पद (सङ्ख्या १०) करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले एम.बी.बी.एस. उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलको लाइसेन्स प्राप्त पुरुषको हकमा ४० वर्ष र महिलाको हकमा ४५ वर्ष उमेर ननाघेका इच्छुक नेपाली नागरिकहरूले मिति २०७९ साल पुस २८ गते कार्यालय समय ५ बजेभित्र त्रि.वि. शिक्षण अस्पतालको हिमालयन बैंक महाराजगञ्जको खाता नं. ००२००५५३६५००१८ मा परीक्षा दस्तुर बापत रु.२,०००।- (दुई हजार) जम्मा गरेको सक्कल बैंक भौचर सहित आवेदन फाराम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी प्राप्त हुन आएका दरखास्त फारामहरू उपर कुनै कारबाही हुनेछैन। विस्तृत जानकारीका लागि यस अस्पतालको कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**आवेदन फारामसँग संलग्न हुनुपर्ने कागजातहरू:**

१. एस.एल.सी. देखि माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको रजिस्ट्रेसनको प्रतिलिपि।
४. विदेशमा अध्ययन गरेकाहरूले शैक्षिक योग्यताको समकक्षता निर्धारण गरिएको प्रमाणपत्रको प्रतिलिपि।
५. पासपोर्ट साइजको फोटो २ प्रति।

**सम्पर्क मिति** : २०७९।१०।३ गते।
**परीक्षाको किसिम** : लिखित।
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ।

**अस्पताल प्रशासन**